सम्बत् २०७५ साल भदौ २१ गते बिहिबारका दिन १७:०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरुको मुख्य व्यहोरा देहाय बमोजिम रहेको छ-

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- सम्माननीय राष्ट्रपति तथा सम्माननीय उपराष्ट्रपतिको कार्यालय तथा आवास व्यवस्थापन गर्ने ।

२. अर्थ मन्त्रालय-सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ स्वीकृत गर्ने ।

३. अर्थ मन्त्रालय-नेपालको ऊर्जा दक्षता तथा नवीकरणीय ऊर्जा प्रबर्द्धन दोस्रो चरणको कार्यक्रमको लागि जर्मन सरकारबाट प्राप्त हुने थप अनुदान सहायताको Financing and Project Agreement मा हस्ताक्षर गर्न सह-सचिव, अन्तर्राष्ट्रिय सहायता समन्वय महाशाखा, अर्थ मन्त्रालयलाई अख्तियारी दिने ।

४. कृषि तथा पशुपन्छी विकास मन्त्रालय-जीवनाषक विषादी व्यवस्थापन विषयको व्यवस्था गर्न बनेको विधेयक विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

५. गृह मन्त्रालय-लागू औषध (नियन्त्रण) विषयको व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिने ।

६. परराष्ट्र मन्त्रालय-संयुक्त राष्ट्रसङ्घ शान्ति स्थापनार्थ साझा प्रतिबद्धतासम्बन्धी घोषणापत्रलाई समर्थन गर्ने ।

७. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय- मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति र मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग तथा अन्तर्गतका समितिलाई यथावत कायम राख्न स्वीकृति दिने ।

८. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय-नेपाल सरकारको नाममा दर्ता कायम भएको जग्गा कालीगण्डकी बहु प्राविधिक शिक्षालयका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई लिजमा उपलब्ध गराउन स्वीकृति दिने ।

९. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय— समाजकल्याण परिषद्मा भएको अनियमितता जाँचबुझ आयोगको कार्यक्षेत्र थप गर्ने ।

१०. रक्षा मन्त्रालय- चोथौ विमस्टेक शिखर सम्मेलनमा सुरक्षार्थ खटिने नेपाली सेनाका फौजहरूलाई प्रतिदिन रु २५० को दरले ४ दिनको खाजा खर्च उपलब्ध गराउने ।

११. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय-दश जना निजामती कर्मचारीलाई उत्कृष्ट निजामती सेवा पुरस्कार र तीस जना निजामती कर्मचारीलाई निजामती सेवा पुरस्कार उपलब्ध गराउने ।

१२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- The 17th Western China International Fair (WCIF) मा सहभागि हुन माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबु पण्डित समेतको ४ सदस्यीय प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने

१३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय-नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्ष पदमा श्री दिगम्बर झालाई ५ (पाँच) वर्षको लागि नियुक्ति गर्ने ।

१४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय-

(क) धनुषा जिल्लाको शहीदनगर नगरपालिका वडा नं. ८ डुमरीयामा नवनिर्मित अस्पताल भवनबाट स्वास्थ्य उपचार सेवा सञ्चालन गर्ने गरी प्राथमिक तह (Primary Level) को १५ शैयाको अस्पताल स्थापना गर्न सैध्दान्तिक स्वीकृत दिने ।

(ख) उक्त अस्पतालको नाउँ शहीद सूर्यनाथ रान यादव स्मृति अस्पताल, शहीदनगर नगरपालिका, धनुषा कायम गर्ने।

द्रष्टब्य : निर्णयसँग सम्बन्धित थप विवरणहरु सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

सम्बत् २०७५ साल भदौ २९ गते शुक्रबारका दिन १६:०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरुको मुख्य व्यहोरा देहाय बमोजिम रहेको छ-

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- नेपाल विशेष सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरूको व्यवस्था गर्न बनेको विधेयक, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री महेन्द्रबहादुर शाहीसमेतलाई चीन भ्रमणमा जान स्वीकृति दिने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरूङसमेतलाई चीन भ्रमणमा जान स्वीकृति प्रदान गर्ने

४. अर्थ मन्त्रालय- अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७३ संशोधन गर्ने ।

५. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय- एसियाली-अफ्रिकी कानून परामर्शदातृ संगठको ५७ औं अधिवेशनमा भाग लिन माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकालसमेतको भ्रमणदललाई स्वीकृति प्रदान गर्ने ।

६. खानेपानी मन्त्रालय- मेलम्ची खानेपानी आयोजनाको Design Supervision Consultant को Variation No. 7 स्वीकृती विषयको को प्रस्ताव फिर्ता गर्ने ।

७. परराष्ट्र मन्त्रालय-अन्तर्राष्ट्रिय आणविक ऊर्जा सङ्गठनको ६२ औं महासम्मेलनमा भाग लिन माननीय परराष्ट्रमन्त्रीको नेतृत्वमा प्रतिनिधिमण्डलको गठन गर्ने ।

८. परराष्ट्र मन्त्रालय-नेपाल र प्रजातान्त्रिक जनगणतन्त्र लाओ सरकारका परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्र (Bilateral Consultation Mechanism) स्थापना गर्ने ।

९. परराष्ट्र मन्त्रालय- संयुक्त राष्ट्र संघको ७३ औं महासभामा भाग लिन र कोष्टारिकाको औपचारिक भ्रमण गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको नेतृत्वमा प्रतिनिधिमण्डलको गठन गर्ने ।

१०. युवा तथा खेलकुद मन्त्रालय- युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत राष्ट्रिय युवा परिषदको अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

११. रक्षा मन्त्रालय- प्राविधिक प्रमुखसेनानी रामचन्द्र साहसमेत ४ जना प्राविधिक प्रमुखसेनानीहरूलाई प्राविधिक महासेनानी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

१२. रक्षा मन्त्रालय- उपरथी गौरव तण्डुललाई पाकिस्तानमा आयोजना हुने सेमिनारमा सहभागी हुन स्वीकृति दिने ।

१३. रक्षा मन्त्रालय- उपरथी अनुज बहादुर बस्न्यातलाई संयुक्त राज्य अमेरिकाम आयोजना हुने कन्फ्रेन्समा सहभागी हुन स्वीकृति दिने ।

१४. रक्षा मन्त्रालय - उपरथी कर्मेन्द्र विक्रम लिम्बुलाई चीनमा सञ्चालन हुने अभ्यास निरीक्षणमा सहभागी हुन स्वीकृति दिने।

१५. रक्षा मन्त्रालय - रथी हेमन्तराज कुवँरलाई संयुक्त राज्य अमेरिकामा आयोजना हुने कन्फ्रेन्समा सहभागी स्वीकृति दिने।

१६. रक्षा मन्त्रालय -महासेनानी सुरेन्द्र सिंह रावलसमेत ४ जना महासेनानीहरूलाई सहायकरथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने तथा सहायकरथी संजय सिंह भण्डारीसमेत ८ जना सहायकरथीहरूलाई सरुवा गर्ने।

१७. रक्षा मन्त्रालय- प्रमुखसेनानी सोबेन्द्र सिंह महतसमेत ८ जना प्रमुखसेनानीहरूलाई पदोन्नति गरी पदस्थापन गर्ने तथा महासेनानी यामप्रसाद ढकालसमेत २३ जना महासेनानीहरूलाई सरुवा गर्ने ।

१८. वन तथा वातावरण मन्त्रालय-जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको सञ्चालक समितिको अध्यक्षको राजीनामा स्वीकृत गरी वन तथा वातावरण मन्त्रालयका सह-सचिव प्रा.(डा.) सिन्धुप्रसाद ढुंगानालाई अर्को व्यवस्था नभएसम्म नयाँ अध्यक्ष नियुक्ति गर्ने ।

१९. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय-पारमाणविक तथा रेडियोधर्मी पदार्थको सुरक्षित तथा शान्तिपूर्ण प्रयोग विषयको व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

२०. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय- साउदी अरबमा कार्यरत नेपाली कामदारको न्यूनतम पारिश्रमिक पुनरावोलकन गर्ने ।

२१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय-

(क)नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७२/३/२१ गतेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवलाई नेपाल वायुसेवा निगमको अध्यक्ष पदमा नियुक्ति गर्ने निर्णय खारेज गर्ने ।

(ख) नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा ४ को उपदफा (१) बमोजिम श्री मदन खरेल, भद्रपुर १०, झापालाई नेपाल वायुसेवा निगमको सञ्चालकमा चार वर्षका लागि नियुक्त गर्ने ।

२२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय-कर्मचारी प्रशिक्षण प्रतिष्ठानलाई खारेज गरी स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमा मिलान गर्ने ।

२३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय-संघीय निजामती सेवा ऐन, २०७५ को मस्यौदा विधेयकमा स्वीकृति प्रदान गर्ने विषयको विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

२४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय-गाउँपालिका तथा नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ स्वीकृत गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

२५. नारायणहिटी दरबार संग्रहालय, पुरातत्व विभागअन्तर्गतका संग्रहालयहरू र स्मारक संरक्षण तथा दरबार हेरचाह अड्डाहरू तथा स्थानीय तह अन्तर्गतका संग्रहालयहरूको संगठन संरचना र दरवन्दी तेरिज स्वीकृत गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

२६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- तुइन दुर्घटनाबाट प्रभावित व्यक्तिको उद्दार तथा सहायता कोष सञ्चालन नियमावली, २०७५ स्वीकृत गर्ने ।

२७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- अर्थ मन्त्रालयमा कार्यरत सह-सचिव श्री अर्जुन प्रसाद पोखरेललाई रु. ५,००,००० (पाँच लाख) थप आर्थिक सहायता उपलब्ध गराउने ।

२८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय- संघिय मामला तथा सामान्य प्रशासन मन्त्रालयका उप सचिव श्री नन्दराज ज्ञवालीलाई १०,००,००० (दश लाख) मात्र विशेष आर्थिक सहायता उपलब्ध गराउने।

२९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय-काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री यादवप्रसाद कोइरालाको अमेरिका भ्रमण स्वीकृत गर्ने ।

३०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय- लोहारपट्टि प्राथामिक स्वास्थ्य केन्द्र, महोत्तरीका अ.हे.व.(छैटौं) श्री विजयकान्त झालाई २ वर्ष ५ महिना २ दिन सेवा अवधि थप गरी अवकाश दिने ।

३१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय- भारतको नयाँदिल्लीमा हुने कार्यक्रममा माननीय उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

३२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय- काजकास्तानको अस्तानामा हुने कार्यक्रममा माननीय उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

३३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय- अमेरिकाको बोस्टोनमा हुने Award Ceremony कार्यक्रममा Award ग्रहण गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा. पुष्पा चौधरीलाइ स्वीकृति प्रदान गर्ने ।

३४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय- चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाडौंमा कार्यरत प्रमुख कन्सल्टेण्ट सर्जिकल ग्याष्ट्रो इन्टेरोलोजिष्ट (एघारौं तह) डा.सुबोध कुमार अधिकारीको विशेषज्ञ सेवा लिन मिति २०७५।०६।०१ देखि लागू हुने गरी २ (दुई) वर्षको सेवा अवधि थप गर्ने ।

३५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय- माननीय स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्रीको स्वीजरल्याण्ड भ्रमण समर्थन गर्ने ।

३६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय- नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची हेरफेर तथा थपघट विषयको प्रस्तावमा लोक सेवा आयोगको परामर्श लिन स्वीकृति प्रदान गर्ने ।

३७. वन तथा वातावरण मन्त्रालय- मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट परिमार्जन गरिएको "गैह्रकर राजश्वको दर संशोधन तथा पुनरावलोकन" स्वीकृति गर्ने ।

३८. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय- मन्त्रिपरिषद्, विधेयक समितिबाट परिमार्जित "केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक" संशोधनसहित संघीय संसद्समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने।

३९. देहायका व्यक्तिहरूलाई उपचार खर्चबापत निम्नबमोजिमको रकम आर्थिक सहायता उपलब्ध गराउने । उक्त रकम अर्थ मन्त्रालयले गृह मन्त्रालयमार्फत निकासा दिने ।

(क) नर्वदा शिवाकोटी पाठक, दमक, झापालाई दश लाख रुपैयाँ ।

(ख) विर ब. थापा, म्याङलुङ, तेह्रथुमलाई दश लाख रुपैयाँ ।

(ग) नरेन्द्र मेचे, मेची नगर, झापालाई पाँच लाख रुपैयाँ ।

(घ) जिवनाथ आचार्य, सप्तकोशी न.पा.-५, सप्तरीलाई तीन लाख रुपैयाँ ।

(ङ) सूर्यकुमार खड्का, विर्तामोड नगरपालिका-७, झापालाई तीन लाख रुपैयाँ ।

(च) सीता तामाङ्ग, नुवाकोट खरानीटार-७, हालः ललितपुरलाई पाँच लाख रुपैयाँ ।

द्रष्टब्य : निर्णयसँग सम्बन्धित थप विवरणहरु सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

सम्बत् २०७५ साल भदौ ३१ गते आइतबारका दिन १८:३० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरुको मुख्य व्यहोरा देहाय बमोजिम रहेको छ-

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा आयोजना हुने Tenth Anniversary of the Joint Declaration on Post Crisis Response and Recovery Planning कार्यक्रममा राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत श्री सुशील ज्ञवालीलाई सहभागी हुन स्वीकृति दिने ।

२. अर्थ मन्त्रालय- उखु कृषकलाई अनुदान दिने सम्बन्धी कार्यविधि, २०७५ संशोधन गर्ने ।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय- मिति २०७५ वैसाख १ गतेदेखि आगामी २०७५ चैत्र मसान्तसम्मको अवधिको लागि कूल ९४,९०० (चौरानव्वे हजार नौसय) मेट्रिक टन परिमाण ननाघ्ने गरी विदेशबाट आयात गरिने चिनीमा परिमाणात्मक वन्देज लगाउने ।

४. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय-मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१ र ४ मा हेरफेर गर्ने ।

५. कृषि तथा पशुपन्छी विकास मन्त्रालय-

(क) कृषि सामाग्री कम्पनी लिमिटेड र बीउ बीजन कम्पनी लिमिटेडलाई मर्ज गरी कृषि सामाग्री कम्पनी लिमिटेडको रुपमा कायम राख्ने ।

(ख) कालिमाटि फलफूल तथा तरकारी विकास समिति, कपास विकास समिति, राष्ट्रिय चिया तथा कफि विकास बोर्ड, नेपाल कृषि अनुशन्धान परिषद र राष्ट्रिय किसान आयोग कायम राख्ने ।

(ग) राष्ट्रियस्तरमा कपास खेती विस्तार गरी कपासको उत्पादन वृद्धि गर्न सम्भाव्यता अध्ययन, योजना तर्जुमा, स्थान पहिचान र माटो परीक्षण लगायतका कार्यहरु गर्ने गरी राष्ट्रिय कपास विकास समिति स्थापना गर्न थप गृहकार्य गर्ने ।

(घ) नेपाल चिनी तथा उखु विकास समिती र चन्द्रडाँगी वीउ बीजन तथा दुग्ध विकास समिती खारेज गर्ने ।

६. खानेपानी मन्त्रालय- मेलम्ची खानेपानी विकास समिती कायम राख्ने ।

७. गृह मन्त्रालय- प्रहरी (पाँचौ संशोधन) नियमावली, २०७५ स्वीकृत गर्ने ।

८. गृह मन्त्रालय- राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान गर्ने महानुभावहरुलाई विभूषण प्रदान गर्न सम्माननीय राष्ट्रपतिज्यू समक्ष सिफारिस गर्ने ।

९. परराष्ट्र मन्त्रालय-अवैतनिक वाणिज्यदूत सम्बन्धी (पाँचौ संशोधन) नियमावली, २०७५ स्वीकृत गर्ने।

१०. मन् परराष्ट्र मन्त्रालय - कोष्टारिकाको सान्जोसेमा रहेको शान्ति विश्वविद्यालय स्थापना गर्ने सम्बन्धी सम्झौतामा सम्मिलनका माध्यमबाट पक्ष राष्ट्र बन्ने ।

११. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय-Driving License को Smart Card मा Thermal Print गरी वितरणको व्यवस्था मिलाउने एवं सो कार्यको लागि सोझै खरिद गर्ने

१२. युवा तथा खेलकुद मन्त्रालय-१३ औं दक्षिण एशियाली खेलकुद प्रतियोगिताका लागि समिति पुनर्गठन गरी कार्यादेश तोक्ने ।

१३. रक्षा मन्त्रालय— रथी हेमन्तराज कुँवरलाई सरूवा गर्ने ।

१४. रक्षा मन्त्रालय- सहायकरथी नवजीव शम्शेर ज.ब.रा.लाई मानार्थ उपरथी दर्जामा बढुवा गर्ने ।

१५. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको - नेपाल वायु निगममा कार्यकारी अध्यक्षमा सञ्चालक मदन खरेललाई ४(चार) वर्षको लागि नियुक्ति गर्ने ।

द्रष्टब्य : निर्णयसँग सम्बन्धित थप विवरणहरु सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।